वैठक संख्या : ८१ (एकासी)

समय : दिउँसो

आज मिति २०८० बैशाख १५ गते विदुर नगरपालिकाका प्रमुख श्री राजन श्रेष्ठ ज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिका वैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | प्रमुख | |
| २ | श्री प्रभा बोगटी | उप प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बाबु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्यामकृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रबिन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री बाबुराम तमाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत वहादुर तमाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिव वहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | Sitaram |
| १९ | श्री इन्दिर मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तमाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री विन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री विनोद कुमार खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

Scanned with CamScanner

# ८१ औं कार्यपालिका बैठक (२०८०।०१।१५)

**विषय सूची:**

१. गत कार्यपालिकाको बैठकको समिक्षा सम्बन्धमा

२. नगरपालिका र डिप्रोक्स नेपाल बीच भएको सम्झौता अवधी थप सम्बन्धमा

३. चा.लु आ.व को शाखागत प्रगति तथा भावी योरजना सम्बन्धमा

४. कार्यविधि तथा मापदण्ड प्रस्ताव तथा संशोधन सम्बन्धमा

- विदुर नगरपालिकाका बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८०
- उद्योग व्यवसाय दर्ता सम्बन्धी कार्यविधि (दोस्रो संशोधन), २०८०
- जेहेन्दार तथा गरीब स्थानीय बासिन्दा विद्यार्थीका लागि प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति प्रदान सम्बन्धी कार्यविधि तथा मापदण्ड (पहिलो संशोधन), २०८०

५. नगर खेलकुद विकास समिति गठन

६. विविध

क) पूर्व कानूनी सल्लाहकारको चार महिनाको पारिश्रमिक सम्वन्धमा

ख) चालक सुविधा सम्बन्धमा

ग) ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजनाले निर्माण गरिदिने कृषि पशु कार्यालयको भवन सम्बन्धमा

घ) रूम टु रिड संगको साक्षरता कार्यक्रममा रकम विनियोजन सम्बन्धमा

**निर्णयहरू:**

**प्रस्ताव नं १. ८० औँ नगर कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा**

**निर्णय नं. १.** नगर कार्यपालिकाको ८० औँ बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा/छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने ।

**प्रस्ताव नं २. नगरपालिका र डिप्रोक्स नेपाल बीच भएको सम्झौता अवधी थप सम्बन्धमा**

**निर्णय नं. २.** स्थानीय सरकार गठन भए पश्चात मिति २०७६ साल पुष ३ गते बिदुर नगरपालिका र विकास आयोजना सेवा केन्द्र (डिप्रोक्स नेपाल) विच क्षेत्रगत **कार्यक्रम** अन्तर्गत झोलुङ्गे पुल निर्माण सम्झौता भएको र मिति २०७९ पुष २ गते सम्झौता अवधी समाप्त

Scanned with CamScanner

भएको र केही झोलुङ्गे पुलको डि.पी.आर. तयार भएकोले पुनःसम्झौता गरी कार्यक्रम संचालन गर्न उक्त संस्थाको च.नं.४९० मिति २०८०।०१।०७ को पत्रवाट लेखि आएकोले सम्झौता अवधी थप गरी लागत अनुमानको १५ प्रतिशत रकम उपलब्ध गराउने प्रतिवद्धता जनाउने निर्णय गरियो ।

**प्रस्ताव नं ३. चा.लु आ.व को शाखागत प्रगति तथा भावी योजना सम्बन्धमा**

**निर्णय नं. ३.** यस आ.व को स्विकृत वार्षिक कार्यक्रम मध्ये २०७९ चैत्र मसान्त सम्मको यस नगरपालिका अन्तर्गत शाखाहरूको कार्यक्रमको समिक्षा गरियो । साथै आगामी आर्थिक वर्षको कार्यक्रम बनाउन विषयगत समितिको बैठक राखि छलफल गर्न विषयगत समितिलाइ निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं ४.कार्यविधि तथा मापदण्ड प्रस्ताव तथा संशोधन सम्बन्धमा**

**निर्णय नं. ४.**

क) बिदुर नगरपालिका भित्र बैदेशिक रोजगारवाट फर्केका व्यक्तिको लागि उद्यमशिल विकास कार्यक्रम सन्चालन कार्यविधी २०८० विधायन समितिवाट पेश हुन आएकोले स्विकृत गर्ने निर्णय गरियो ।

ख) उद्योग व्यवसाय दर्ता सम्बन्धी कार्यविधी (दोश्रो संसोधन), २०८० विधायन समितिमा छलफल गरी पेश हुन आएकोले दफा ९ को उपदपफ (ग) मा तपसिलमा उल्लेखित व्यवस्था थप गर्ने निर्णय गरियो ।

तपसिल

| सि.न. | नियम | मुल नियमावलीको वर्तमान व्यबस्था | नियमावलीमा संशोधन प्रस्ताव | कारण तथा सुझाव |
|---|---|---|---|---|
| (१) | नियम (१) | उद्योग व्यवसाय दर्ता सम्वन्धि कार्यबिधि २०७७ दफा ९ को उपदफा (ग) मा :फर्निचर उल्लेख नभएको | १. विदुर नगरपालिकाको उद्योग व्यबसाय दर्ता सम्बन्धि कार्यविधि (दोस्रो संसोधन) २०७७ को दफा ९को उपदफा (ग)मा फर्निचर थप राखिएको छ । | विदुर नगरपालिकाको उद्योग व्यबसाय दर्ता सम्बन्धि कार्यविधि ( पहिलो) संसोधन) २०७७ को दफा ९ को उपदफा ( ग)मा समाबेस नरहेकोले र उद्योग दर्ता गर्न आएमा दर्ता गरिदीनुपर्ने भएकोले |
| (२) | नियम (२) | उद्योग व्यवसाय दर्ता सम्वन्धि कार्यबिधि २०७७ दफा ९ को उपदफा (ङ) मा : होमस्टे उल्लेख नभएको | २. विदुर नगरपालिकाको उद्योग व्यबसाय दर्ता सम्बन्धि कार्यविधि (दोस्रो संसोधन) २०७७ को दफा ९को उपदफा (ङ)मा होमस्टे थप राखिएको छ । | विदुर नगरपालिकाको उद्योग व्यबसाय दर्ता सम्बन्धि कार्यविधि ( पहिलो) संसोधन) २०७७ को दफा ९ को उपदफा ( ङ) मा समाबेस |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| परिच्छेद ५ | MBBS र BE अध्ययनरत विद्यार्थीका लागि विदुर नगरपालिकाको तर्फबाट छात्रवृत्ति प्रदान गर्न देहाय बमोजिमको एक छात्रवृत्ति छनोट समिति रहनेछ। क) नगर प्रमुख वा निजले तोकेको व्यक्ति - संयोजक<br><br>ख) नगरपालिकाको सामाजिक विकास समितिका संयाृजक - सदस्य ग) संयोजकले तोकेको सम्बन्धित विषयका विज्ञ दुई जना सदस्य घ) शिक्षा शाखा प्रमुख- सदस्य सचिव | MBBS, BE र प्राविधिक शिक्षा (तीन वर्षे डिप्लोमा) अध्ययनरत विद्यार्थीका लागि विदुर नगरपालिकाको तर्फबाट छात्रवृत्ति प्रदान गर्न देहाय बमोजिमको एक छात्रवृत्ति छनोट समिति रहनेछ। क) नगर प्रमुख वा निजले तोकेको व्यक्ति - संयोजक<br><br>ख) नगरपालिकाको सामाजिक विकास समितिका संयोजक - सदस्य ग) संयोजकले तोकेको सम्बन्धित विषयका विज्ञ दुई जना सदस्य घ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव | प्राविधिक शिक्षा (वर्षे डिप्लोमा) हुन गएकोले। |

**प्रस्ताव नं ५. नगर खेलकुद विकास समिति गठन सम्बन्धमा**

**निर्णय नं. ५.** बिदुर नगरपालिकाले स्विकृत गरेको बिदुर नगर खेलकुद सम्बन्धी कार्यविधी २०७७ को परिच्छेद ३ को दफा ४.१ अनुसार श्री अचुत राज महन्त गिरीलाइ नगर खेलकुद विकास समितिको संयोजक मनोनित गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ६. विविधः**

**निर्णयहरू**

**क) पूर्व कानूनी सल्लाहकारको चार महिनाको पारिश्रमिक सम्बन्धमा**

बिदुर नगरपालिकालाइ कानून सम्बन्धी परामर्श, सल्लाह, सुझाव र राय उपलब्ध गराउनको लागि अधिवक्ता श्री शम्भु नेपाललाइ तोकेको र निजको गत आ.व.०७८/०७९ को पुष देखि चैत्र मसान्त सम्मको दिन बांकी रकम रू ९४,४००। भुक्तानी दिने निर्णय गरियो।

**ख) चालक सुविधा सम्बन्धमा**

यस कार्यालयमा कार्यरत चालक मध्ये तपशिलमा उल्लेखित सवारी चालकलाइ निम्न सेवा सुविधा निर्णय भएको मिति देखि लागु हुने गरी उपलब्ध गराउने निर्णय गरियो।

<u>तपशिलः</u>

१) कविन्द्र आचार्य रू. ५५००।

२) नारायण रिमाल रू. ५५००।

३) सानुकान्छा मिजार रू. ४५००।

४) लाल बहादुर मिजार रू.२५००।

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | | नरहेकोले र उद्योग दर्ता गर्न आएमा दर्ता गरिदीनुपर्ने भएकोले |
| (३) | नियम (३) | उद्योग व्यवसाय दर्ता सम्बन्धि कार्यबिधि २०७७ दफा ९ को उपदफा (च) मा : छात्राबास, कुटानी तथा पिसानी मिल,एल्मुनियम बाट निर्मित सामान, जुत्ता चप्पल निर्माण, साबुन निर्माण, ब्युटीपार्लर, ड्राइभिङ सेन्टर, क्याटरिङ एण्ड रेन्टल सर्भिस, चाउमिन उत्पादन, चस्मा पसल र डेण्टल उल्लेख नभएको | ३. विदुर नगरपालिकाको उद्योग व्यबसाय दर्ता सम्बन्धि कार्यविधि (दोस्रो संसोधन) २०७७ को दफा ९ को उपदफा (च) मा छात्राबास, कुटानी तथा पिसानी मिल, एल्मुनियम बाट निर्मित सामान, जुत्ता चप्पल निर्माण, साबुन निर्माण, ब्युटीपार्लर, ड्राइभिङ सेन्टर, क्याटरिङ एण्ड रेन्टल सर्भिस, चाउमिन उत्पादन, चस्मा पसल र डेण्टल थप राखिएको छ । | विदुर नगरपालिकाको उद्योग व्यबसाय दर्ता सम्बन्धि कार्यविधि (पहिलो संसोधन) २०७७ को दफा ९ को उपदफा (च) मा समाबेस नरहेकोले र उद्योग दर्ता गर्न आएमा दर्ता गरिदीनुपर्ने भएकोले |

ग) जेहेन्दार तथा गरिव स्थानीय वासिन्दा विधयार्थीको लागि प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ती प्रदान सम्बन्धी कार्यविधी तथा मापदण्ड (पहिलो संसोधन), २०८० विधायन समितिमा पेश भइ स्वीकृतिकोलाइ आएकोले परिच्छेद २ को च र परिच्छेद ५ मा तपसिलमा उल्लेखित व्यवस्था थप गर्ने निर्णय गरियो ।

| परिच्छेद /दफा | हालको अवस्था | संशोधन हुनुपर्ने ब्यहोरा | कारण / औचित |
|---|---|---|---|
| परिच्छेद २ को च | छात्रवृत्ति MBBS,BE का लागि SEE/SLC र +2 मा "A" Grade (GPA 3.2) भन्दा तलको category लाई समावेश गरिने छैन भने Bsc. Ag र Bsc.forestry, BVSc.AH को हकमा " B" Grade (GPA 2.4) भन्दा तलका category लाई समावेश गरिने छैन । साथै प्राविधिक शिक्षा (तीन वर्षे डिप्लोमा) का लागि SEE/SLC मा "B+" Grade (GPA 2.8) भन्दा तलको category लाई समावेश गरिने छैन । | छात्रवृत्ति MBBS,BE का लागि SEE/SLC र +2 मा "B+" Grade (GPA 3.2) भन्दा तलको category लाई समावेश गरिने छैन भने Bsc. Ag र Bsc.forestry, BVSc.AH को हकमा " B" Grade (GPA 2.8) भन्दा तलका category लाई समावेश गरिने छैन । साथै प्राविधिक शिक्षा (तीन वर्षे डिप्लोमा) का लागि SEE/SLC मा "C" Grade (GPA 2.0) भन्दा तलको category लाई समावेश गरिने छैन । | प्राविधिक शिक्षामा पहुँच बढाउन । पाठ्यक्रम विकास केन्द्रबाट लेटर ग्रेडिङ निर्देशिकाम संशोधन समेत भएकोले । |

Scanned with CamScanner

ग) ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजनाले निर्माण गरिदिने कृषि पशु कार्यालयको भवन सम्बन्धमा

विदुर नगरपालिका वडा नं ७, तुप्चेमा रहेको साना किसान सहकारी संस्थाको भवन भुकम्पबाट क्षेती भएको हुँदा उक्त स्थानमा ग्रामीण उद्‌यम तथा आर्थिक विकास आयोजनाले निर्माण गरिदिने कृषि तथा पशु कार्यालय भवनको लागि सम्बन्धित कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

घ) रूम टु रिड संगको साक्षरता कार्यक्रममा रकम विनियोजन सम्बन्धमा

रूम टु रिड संगको साक्षरता कार्यक्रम संचालन गर्नका लागि सम्झौता भए बमोजिम चालु आ.व. मा कक्षा २ को पुस्तकालय, फर्निचर निमार्णको लागि रकम रू ६,००,०००। नपुग रहेको हुँदा उक्त रकम विनियोजन गर्ने निर्णय गरियो ।

ङ) सुत्केरी अवस्थामा उपचारको क्रममा मृत्यू भएकी विदुर ५ की सरिता न्यौपानेबाट जयजन्म बालकको सम्बन्धमा ।

विदुर नगरपालिका वडा नं ५ पिपलटार निवासी सरिता न्यौपाने सुत्केरी अवस्थामा मृत्यु भएको र निजबाट जन्मेको नवजात शिशु मध्ये एक जनाको अध्ययनको लागि नगरपालिकाले शिशु कक्षा देखि +2 सम्म अध्ययन गराउन भनी मिति २०७९।११।३० को कार्यपालिका बैठकमा निर्णय भएकोमा निज मृतकको दुइ जना शिशु रहेको हुँदा दुवै जनालाइ अध्ययनको सुविधा उपलब्ध गराउने निर्णय गरियो ।